# अथ सप्तम-समुल्लासः

ऋचो अक्षरे परमे व्योमन् यस्मिन्देवा अधि विश्वे निषेदुः।
यस्तन्न वेद किमृचा करिष्यति य इत्तद्विदुस्त इमे समासते॥ १॥
—ऋ० मं० १। सू० १६४। मं० ३९॥

ईशा वास्यमिदꣳ सर्वं यत्किञ्च जगत्यां जगत्।
तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्य स्विद्धनम्॥ २॥
—यजुः० अ० ४०। मं० १॥

अहम्भुवं वसुनः पूर्व्यस्पतिरहं धनानि सं जयामि शश्वतः।
मां हवन्ते पितरं न जन्तवोऽहं दाशुषे वि भजामि भोजनम्॥ ३॥
—ऋ० मं० १०। सू० ४८। मं० १॥

अहमिन्द्रो न परा जिग्य इद्धनं न मृत्यवेऽवतस्थे कदा चन।
सोममिन्मा सुन्वन्तो याचता वसु न मे पूरवः सख्ये रिषाथन॥ ४॥
—ऋ० मं० १०। सू० ४८। मं० ५॥

अहं दां गृणते पूर्व्यं वस्वहं ब्रह्म कृणवं मह्यं वर्धनम्। अहं भुवं यजमानस्य चोदिताऽयज्वनः साक्षि विश्वस्मिन्भरे॥ ५॥
—ऋ० मं० १०। सू० ४९। मं० १॥

**( ऋचो अक्षरे )** यस मन्त्रको अर्थ ब्रह्मचर्याश्रमका शिक्षामा लेखिसकिएको छ। अर्थात् सबै दिव्य गुण-कर्म-स्वभाव-विद्यायुक्त, पृथ्वी, सूर्य आदि लोक जसमा स्थित् छन्, आकाश जस्तै व्यापक, सबै देवहरूका देव परमेश्वरलाई नजान्ने, नमान्ने र ध्यान नगर्ने नास्तिक, मन्दमति मानिस सदा दुःखसागरमै डुबिरहन्छन्। यसकारण सर्वदा उसैलाई चिनेर सबै मानिस सुखी हुन्छन्।

**प्रश्न**—वेदमा ईश्वर अनेक छन् भन्ने कुरालाई तिमी मान्दन्छौ वा मान्दैनौ ?

**उत्तर**—मान्दैनौं, किनभने चारै वेदमा कतैपनि अनेक ईश्वर सिद्ध हुने कुरा लेखिएको छैन। तर ईश्वर एउटै छ भन्ने कुरा भने लेखिएको छ।

**प्रश्न**—वेदमा लेखिएका अनेक देवताहरूको अभिप्राय के हो ?

**उत्तर**—'देवता' दिव्य गुणयुक्त हुनाले भनिन्छ, जस्तै पृथ्वी, तर



यिनलाई कतै ईश्वर वा उपासनीय भनिएको छैन। यसै मन्त्रमा हेर 'जुन ईश्वरमा सबै देवता स्थित छन्, त्यो नै जान्न र उपासनागर्न योग्य ईश्वर हो' भनिएको छ। देवता शब्दबाट ईश्वर अर्थ लिनेहरूको यसोगर्नु भूल हो। परमेश्वर नै सबै जगत् उत्पत्ति, स्थिति, प्रलय गर्ने, न्यायाधीश, अधिष्ठाताका साथै देवहरू पनि देव हुनाले 'महादेव' भनिन्छ।

'**त्रिंर्यांस्त्रिशत्त्रिशता**' (यजुर्वेद १४। ३१) इत्यादि वेदमा भएका प्रमाणहरू व्याख्या शतपथमा (१४। ६। ९। ३-७) यसरी गरिएको छ-पृथ्वी, जल, अग्नि, वायु, आकाश, चन्द्रमा, सूर्य र नक्षत्र यी सबै सृष्टिका निवासस्थान हुनाले यी '**आठ वसु**', प्राण, अपान, व्यान, उदान, समान, नाग, कूर्म, कृकल, देवदत्त, धनञ्जय र जीवात्मा, यी सबै शरीर छोड्दा रुवाउने हुनाले यी '**एघार रुद्र**', वर्षका बाह्र महीनाले सबैको आयु लैजाने हुनाले ती बाह्र महीना नै '**बाह्र आदित्य**', परम ऐश्वर्यका हेतु हुनाले बिजुलीको नाम '**इन्द्र**', वायु वृष्टि, जल औषधी शुद्धि, विद्वान्हरूलाइ सत्कार र नानाप्रकारका शिल्पविद्याबाट प्रजा पालन हुनेहुँदा यज्ञको नाम '**प्रजापति**', यी सबै गुणका कारण यी '**तेतीस देव**' भनिन्छन्। यिनको स्वामी र सबैभन्दा ठूलो हुनाले परमात्मा चौंतिसौं उपास्यदेव शतपथका चौधौं काण्डमा (१४।६। ९। १०) स्पष्ट लेखिएको छ। अन्यत्र पनि यस्तै लेखिएको छ। वेदमा अनेक ईश्वर मान्नेले यी शास्त्रहरूलाई हेरेका भए वेदमा अनेक ईश्वर मान्ने भ्रम जालमा परेर झुक्किने थिएनन्॥ ११॥

हे मनुष्य! सम्पूर्ण जगत्मा व्याप्त भएर नियन्त्रण गर्नेलाई ईश्वर भनिन्छ। ऊ देखि डराएर तिमी कसैको धन अन्यायले लिने इच्छा नगर। अन्याय परित्याग र न्यायाचरणरूप धर्मद्वारा आफ्नो आत्माबाट आनन्दभोग गर॥ २॥

ईश्वर सबैलाई उपदेश गर्दछ—हे मनुष्य! म ईश्वर सबैभन्दा अघि विद्यमान सबै जगत्को पति हुँ। म सनातन जगत्को कारण र सबै धनमाथि विजय प्राप्त गर्ने र दाता हुँ। सबै जीवहरूले, सन्तानले, पितालाई पुकारे झैं मलाई नै पुकार्नुपर्दछ। म सबै सुखदिने जगत् पालन-पोषणका लागि नानाकिसिमका भोजन विभाग गर्दछु॥ ३॥

म परम ऐश्वर्य्यवान्, सूर्यजस्तै सबै जगत् प्रकाशक हुँ। म कहिल्यै न त पराजित र न मृत्युलाई नै प्राप्त हुन्छु। जगत्रूपी धन निर्माता म नै हुँ। मलाई नै सबजगत् उत्पत्तिगर्ने जान। हे जीव! ऐश्वर्य प्राप्तिको प्रयत्न गर्दै तिमीहरू मबाट विज्ञान आदि धन माँग र मेरो मित्रताबाट



PDFill PDF Editor with Free Writer and Tools

अलग कहिल्यै न होऊ॥४॥

हे मनुष्य! सत्यबोल्ने स्तुति गर्ने मानिसलाई म सनातन ज्ञान आदि धन दिन्छु। म ब्रह्म अर्थात् वेद प्रकाश गर्दछु। त्यो वेद यथावत् मेरो वर्णन गर्दछ। म त्यस वेदबाट सबैलाई ज्ञान बढाउँछु। म सत्यपुरुषको प्रेरक यज्ञ गर्नेलाई फल दिने र यस विश्वमा जे जति छ त्यस सबै कार्य बनाउँछु र धारण गर्दछु। यसकारण तिमीहरू मलाई छोडेर मेरो ठाउँमा अरू कुनैलाई जान्ने, मान्ने वा पूजागर्ने नगर।

**हिरण्यगर्भः समवर्त्तताग्रे भूतस्य जातः पतिरेकऽआसीत्।**
**स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम॥**

—यजु० १३।४॥

यो यजुर्वेदको मन्त्र हो। हे मानिसहरू! जो सृष्टि हुनु अघि सूर्य्य आदि तेजस्वी लोकहरूका उत्पत्तिस्थान, आधार र जे जति उत्पन्न भएको थिए, छन् र हुनेछन्, ती सबैको स्वामी थिए, छन् र रहनेछन्। उनैले पृथ्वी देखि लिएर सूर्यलोक पर्यन्त सृष्टि बनाएर धारण गरिरहेका छन्। उनै सुखस्वरूप परमात्माकै भक्ति जसरी हामी गर्दछौं त्यस्तै तिमीहरूपनि गर।

**प्रश्न**—तपाई ईश्वर-ईश्वर भन्नुहुन्छ तर त्यसको सिद्धि कसरी गर्नुहुन्छ?

**उत्तर**—सबै प्रत्यक्ष आदि प्रमाणहरूबाट।

**प्रश्न**—ईश्वरमा प्रत्यक्ष आदि प्रमाण कहिल्यै घट्नै सक्तैनन्?

**उत्तर—इन्द्रियार्थसन्निकर्षोत्पन्नं ज्ञानमव्यपदेश्यमव्यभिचारि-व्यवसायात्मकं प्रत्यक्षम्॥**

यो गौतममहर्षिकृत न्यायदर्शनको (१।१।४) सूत्र हो। कान, छाला, आँखा, जिब्रो, नाक र मनको शब्द, स्पर्श, रूप, रस गन्ध र सुख, दु:ख, सत्य, असत्य विषयहरूसँग सम्बन्ध हुनाले उत्पन्न हुने भ्रमरहित ज्ञानलाई '**प्रत्यक्ष**' भनिन्छ। अब इन्द्रियहरू र मनबाट गुणहरू प्रत्यक्ष हुन्छ, गुणीको हुँदैन भन्नेकुरा विचार गर्नुपर्दछ। जसरी छाला आदि चारै इन्द्रियहरूबाट स्पर्श, रूप, रस र गन्ध ज्ञान हुनाले गुणी पृथ्वीको प्रत्यक्ष आत्मायुक्त मनबाट गरिन्छ, त्यस्तै यस प्रत्यक्ष सृष्टिमा रचनाविशेष आदि ज्ञानादि गुण प्रत्यक्ष हुनाले ईश्वर पनि प्रत्यक्ष हुन्छ। आत्माले मनलाई वा मनले इन्द्रियहरूलाई कुनै विषयमा लगाउँदा वा चोरी आदि त्यसै खराब अथवा परोपकार आदि असल काम गर्न शुरू गरिने क्षणमा जीवको इच्छा, ज्ञान आदि त्यसै इच्छित विषयप्रति झुक्दछ।



PDFill PDF Editor with Free Writer and Tools

त्यसै क्षणमा आत्मा भित्रबाट गलतकाम गर्न भय, शङ्का र लाज तथा असल काम गर्न अभय, नि:शङ्कता र आनन्दोत्साह उठ्दछ। त्यो जीवात्माका तर्फबाट नभई परमात्माका तर्फबाट हुन्छ। अनि जीवात्मा शुद्ध भएर परमात्मका विचार गर्न तत्पर रहेमा त्यसै समय दुबै प्रत्यक्ष हुन्छन्। परमेश्वर प्रत्यक्ष हुन्छ भने अनुमान आदिबाट परमेश्वर ज्ञान हुन के सन्देह छ त? किनभने कार्य देखेर कारण अनुमान हुन्छ।

**प्रश्न**—ईश्वर व्यापक छ वा कुनै स्थानविशेषमा रहन्छ?

व्यापक छ, किनभने कुनै एउटा स्थानमा रहनेभए सर्वान्तर्यामी, सर्वज्ञ, सर्वनियन्ता, सबैको स्रष्टा, सबैको धर्त्ता र प्रलयकर्त्ता हुनसक्तैन। अप्राप्त देशमा कर्त्ताको क्रिया असम्भव हुन्छ।

**प्रश्न**—परमेश्वर दयालु र न्यायकारी छ वा छैन?

**उत्तर**—छ।

**प्रश्न**—यी दुवै गुण एकअर्का विरुद्ध हुन्। न्याय गरेमा दया र दया गरे न्याय छुट्तछ। किनभने कर्म अनुसार न धेर न थोर अर्थात् ठीक-ठीक सुख वा दु:ख पुर्याउनु 'न्याय' र अपराधीलाई दण्ड न दिई छोडिदिनु 'दया' भनिन्छ।

**उत्तर**—न्यायबाट सिद्ध हुने प्रयोजन नै दयाबाट सिद्ध हुनेहुँदा न्याय र दयामा नाम मात्रै फरक छ। मानिसले अपराध गर्न छोडून् र दु:खी नहोऊन् भन्ने प्रयोजनकै लागि दण्ड दिइन्छ भने अरूको दु:ख दूर गर्नुनै दया भनिन्छ। न्याय र दयाको तिमीले गरेको अर्थ ठीक होइन किनभने जसले जत्ति गलत काम गरेको छ त्यसलाई त्यत्ति र त्यस्तै दण्ड दिनुपर्दछ, त्यसैको नाम न्याय हो। अपराधीलाई दण्ड नदिए दया नाश हुनेछ। किनभने एउटा अपराधी डाकूलाई छोड्नाले उसले हजारौं धर्मात्मा व्यक्तिहरूलाई दु:ख दिनेछ। एउटालाई छोड्नाले हजारौं मानिस दु:ख पाउँछन् भने त्यो दया कसरी हुनसक्तछ? त्यस डाकूलाई कारागारमा राखेर पाप गर्नबाट बचाउनु त्यस डाकूमाथि दया र त्यस डाकूलाई मारेरै भएपनि अरू हजारौं मानिसमाथि दया प्रकाशित हुन्छ।

**प्रश्न**—त्यसोभए दया र न्याय दुई शब्द किन भए? ती दुबै शब्दको अर्थ एउटै हो भने दुई शब्द हुनु नै व्यर्थ हुन्छ। त्यसो हुँदा एउटै शब्द रहनु उपयुक्त हुन्थ्यो। यसबाट दया र न्यायको एउटै प्रयोजन होइन भन्ने बुझिन्छ।

**उत्तर**—के एउटै अर्थको अनेक नाम र एक नामको अनेक अर्थ हुँदैनन्?

**प्रश्न**—हुन्छन्।

**उत्तर**—त्यसो भए तिमीलाई शङ्का किन भयो?

**प्रश्न**—संसारमा यस्तै सुन्दै आएको हुनाले।

**उत्तर**—संसारमा त साँचो-झूठो दुवै सुनिन्छन्, तर विचार गरेर निश्चय गर्नु आफ्नो काम हो। हेर! सबै जीवहरूका प्रयोजन सिद्धिका निम्ति ईश्वरले जगत्मा सकल पदार्थ उत्पन्न गरेर दान दिएको छ, ईश्वरको पूर्ण दया त यही नै हो। यस बाहेक ठूलो दया कुनचाहिं होला र? न्यायको फल भने सुख-दु:खको व्यवस्था धेरै-थोरै हुँदा सोही अनुसार फल प्रकाशित हुन्छ भन्ने कुरा प्रत्यक्षै छ। यी दुबैको यतिमात्र फरक छ—मनमा सबै सुखी होऊन् र दु:ख छुटोस् भन्ने इच्छा राख्नु र त्यस्तै काम गर्नु '**दया**' तथा बाहिरी चेष्टा अर्थात् बाँध्नु, काट्नु आदि उचित दण्ड दिनु **न्याय** भनिन्छ। दुबैको प्रयोजन भने एउटै 'सबैलाई पाप र दु:खबाट हटाउनु' हो।

**प्रश्न**—ईश्वर साकार छ वा निराकार?

**उत्तर**—निराकार। किनभने साकार भएको भए व्यापक हुन सक्तैन। व्यापक नभएको भए सर्वज्ञ आदि गुण पनि ईश्वरमा हुन सक्तैनन्। किनभने परिमित वस्तुमा गुण, कर्म स्वभाव पनि परिमित हुन्छन् र गर्मी-जाडो, भोक-प्यास, रोग, दोष, छेदन, भेदन आदिले रहित हुनसक्तैन। यसबाट ईश्वर निराकार छ भन्ने कुरा निश्चित हुन्छ। साकार भएदेखि उसका नाक, कान, आँखा आदि अवयव बनाउने अर्को हुनुपर्दछ। किनभने संयोगबाट उत्पन्न हुनेलाई संयुक्त गर्ने निराकार चेतन अवश्य हुनुपर्दछ। यस प्रसङ्गमा कसैले 'ईश्वरले आफैं स्वेच्छाले आफ्नो शरीर बनाएको हो' भन्छ भने पनि शरीर बन्नु अघि ईश्वर निराकार थियो भन्ने कुरा नै सिद्ध हुन्छ। यसकारण परमात्मा कहिल्यै शरीरधारण गर्दैन तर निराकार हुनाले सम्पूर्ण जगत्का सूक्ष्म कारणहरूबाट स्थूलाकार बनाइदिन्छ भन्ने बुझिन्छ।

**प्रश्न**—ईश्वर सर्वशक्तिमान छ वा छैन?

**उत्तर**—छ। तर सर्वशक्तिमान शब्दको जस्तो अर्थ तिमी जान्दछौ, ईश्वर त्यस्तो होइन। ईश्वर आफ्नो काम अर्थात् उत्पत्ति, पालन, प्रलय आदि र सबै जीवहरूका पाप-पुण्यको यथायोग्य व्यवस्था गर्न कत्तिपनि सहायता लिंदैन अर्थात् आफ्नो अनन्त सामर्थ्यबाट नै आफ्ना सबैकाम पूर्ण गर्दछ भन्नु नै सर्वशक्तिमान शब्दको अर्थ हो।

**प्रश्न**—हामी त ईश्वरभन्दा माथि कोही नहुनाले ऊ जे चाहन्छ



त्यही गर्नसक्तछ भन्ने कुरा मान्दछौं।

**उत्तर**—ऊ के चाहन्छ? तिमी 'जे पनि चाहन्छ र गर्न सक्तछ' भन्छौ भने हामी तिमीसँग 'के परमेश्वर आफुलाई मार्न' अनेक ईश्वर बनाउन, स्वयं अविद्वान् हुन, चोरी, व्यभिचार आदि पापकर्म गर्न र दु:खी पनि हुनसक्तछ? भन्ने कुरा सोद्धछौं यो काम ईश्वरको गुण, कर्म, स्वभाव विरुद्ध हुन् भने ईश्वर जे पनि गर्न सक्तछ भन्ने तिम्रो कुरा ईश्वरमा घटित हुनसक्तैन। यसकारण सर्वशक्तिमान शब्दको हामीले गरेको अर्थ नै ठीक हो।

**प्रश्न**—परमेश्वर आदि छ वा अनादि?

**उत्तर**—अनादि छ, अर्थात् कुनै आदि कारण वा समय नभएकालाई अनादि भनिन्छ। इत्यादि सबै अर्थ पहिला समुल्लासमा गरिसकिएको छ, त्यहीं हेर्नुपर्दछ।

**प्रश्न**—परमेश्वर के चाहन्छ?

**उत्तर**—सबैको भलो र सबैका लागि सुख चाहन्छ। सबैलाई स्वतन्त्र गरेको छ र पाप नगरी कसैलाई पराधीन गर्दैन।

**प्रश्न**—परमेश्वरको स्तुति, प्रार्थना र उपासना गर्नुपर्दछ वा पर्दैन?

**उत्तर**—गर्नुपर्दछ।

**प्रश्न**—के स्तुति आदि गर्नाले ईश्वर आफ्नो नियम छोडेर स्तुति प्रार्थना गर्नेका पाप छुटाइदिन्छ?

**उत्तर**—अँहँ, छुटाउँदैन।

**प्रश्न**—त्यसो भए स्तुति, प्रार्थना किन गर्ने त?

**उत्तर**—त्यसो गर्नाले फल अर्कै छ।

**प्रश्न**—के छ?

**उत्तर**—स्तुतिबाट ईश्वरमा प्रीति, उसका गुण, कर्म, स्वभावबाट आफ्नो गुण, कर्म, स्वभाव सुधार्नु, प्रार्थनाबाट निरभिमानता, उत्साह र सहायता मिल्नु, उपासनाबाट परब्रह्मसंग मेल र उस संग साक्षात्कार हुनु, स्तुति, प्रार्थना, उपासनाको फल हो।

**प्रश्न**—यी कुरालाई स्पष्ट पारेर सम्झाउनुपर्यो।

**उत्तर**—जस्तै—

**स पर्य्यगाच्छुक्रमकायमव्रणमस्नाविरꣳ शुद्धमपापविद्धम्।**
**कविर्मनीषी परिभूः स्वयम्भूर्याथातथ्यतोऽर्थान् व्यदधाच्छाश्वतीभ्यः समाभ्यः॥ १॥** —यजुः अ० ४०। मं० ८॥

यो ईश्वर स्तुति हो। त्यो सबैमा व्यापक, शीघ्रकारी र अनन्त



PDFill PDF Editor with Free Writer and Tools

बलवान्, शुद्ध, सर्वज्ञ, सबैको अन्तर्यामी, सर्वोपरि विराजमान, सनातन, स्वयंसिद्ध परमेश्वर आफ्ना जीवरूप सनातन अनादि प्रजालाई सनातन विद्या वेदद्वारा यथावत् अर्थहरू बोध गराउँछ। यो सगुण–स्तुति अर्थात् जुन–जुन गुण सहित परमेश्वरको स्तुति गरिन्छ, त्यो सगुण भनिन्छ। **'अकाय'** अर्थात् ईश्वर कहिल्यै शरीर धारण गर्दैन, वा जन्म लिंदैन, उसमा छिद्र हुँदैनन्, ऊ नाडी आदि बन्धनमा पर्दैन र कहिल्यै पाप आचरण गर्दैन, उसमा क्लेश, दुःख, अज्ञान कहिल्यै हुँदैन, इत्यादि जुन–जुन राग–द्वेष आदि गुण–रहित मानेर परमेश्वरको स्तुति गरिन्छ, त्यो निर्गुण–स्तुति हो। यसको फल परमेश्वरका गुण जस्तै आफ्ना पनि गुण, कर्म, स्वभाव बनाउनु हो। जस्तै परमेश्वर न्यायकारी छ भने आफूपनि न्यायकारी हुनुपर्दछ। तर भाट जस्तै परमेश्वरको गुणकीर्तन गर्दैजाने र आफ्नो चरित्र नसुधार्ने हो भने त्यसले स्तुति गर्नु व्यर्थ छ।

प्रार्थना—

**यां मेधां देवगणाः पितरश्चोपासते।**
**तया मामद्य मेधयाऽग्ने मेधाविनं कुरु स्वाहा॥ १ ॥**

—यजुः अ० ३२। मं० १४॥

**तेजोऽसि तेजो मयि धेहि वीर्य्यमसि वीर्य्यं मयि धेहि। बलमसि बलं मयि धेहि। ओजोऽस्योजो मयि धेहि। मन्युरसि मन्युं मयि धेहि सहोऽसि सहो मयि धेहि॥ २ ॥** —यजुः० अ० १९। मं० ९॥

**यज्जाग्रतो दूरमुदैति दैवं तदु सुप्तस्य तथैवैति।**
**दूरङ्गमं ज्योतिषां ज्योतिरेकं तन्मे मनः शिवसङ्कल्पमस्तु॥ ३ ॥**
**येन कर्माण्यपसो मनीषिणो यज्ञे कृण्वन्ति विदथेषु धीराः।**
**यदपूर्वं यक्षमन्तः प्रजानां तन्मे मनः शिवसङ्कल्पमस्तु॥ ४ ॥**
**यत्प्रज्ञानमुत चेतो धृतिश्च यज्ज्योतिरन्तरमृतं प्रजासु।**
**यस्मान्नऽऋते किं चन कर्म क्रियते तन्मे मनः शिवसङ्कल्पमस्तु॥ ५ ॥**
**येनेदं भूतं भुवनं भविष्यत्परिगृहीतममृतेन सर्वम्।**
**येन यज्ञस्तायते सप्त होता तन्मे मनः शिवसङ्कल्पमस्तु॥ ६ ॥**
**यस्मिन्नृचः साम यजूंषि यस्मिन्प्रतिष्ठिता रथनाभाविवाराः।**
**यस्मिँश्चित्तंसर्वमोतं प्रजानां तन्मे मनः शिवसङ्कल्पमस्तु॥ ७ ॥**
**सुषारथिरश्वानिव यन्मनुष्यान्नेनीयतेऽभीशुभिर्वाजिनऽइव।**
**हृत्प्रतिष्ठं यदजिरं जविष्ठं तन्मे मनः शिवसङ्कल्पमस्तु॥ ८ ॥**

—यजु० अ० ३४। मं० १, २, ३, ४, ५, ६

हे अग्ने! अर्थात् प्रकाशस्वरूप परमेश्वर! तपाईका कृपाले विद्वान्,



ज्ञानी र योगीहरू जुन बुद्धिको उपासना गर्दछन्, तपाई हामीलाई यसै वर्तमान समयमा त्यसै सद्बुद्धिले युक्त बुद्धिमान् बनाइनुहोस्॥ १ ॥

तपाई प्रकाशस्वरूप हुनुहुन्छ, कृपया म मा पनि प्रकाश–स्थापन गरिदिनुहोस्। तपाई अनन्त पराक्रमयुक्त हुनुहुन्छ, यसकारण आफ्नो कृपाकटाक्षले म भित्र पनि पूर्ण पराक्रम भरिदिनुहोस्। तपाई अनन्त–बलयुक्त हुनुहुन्छ, त्यसैले मलाईपनि बलशाली बनाइदिनुहोस्। तपाई अनन्तसामर्थ्ययुक्त हुनुन्छ, मलाई पनि सामर्थ्य दिनुहोस्। तपाई दुष्ट काम र दुष्टहरू प्रति क्रोध गर्नुहुन्छ, मलाई पनि त्यस्तै बनाइदिनुहोस्। तपाई निन्दा, स्तुति र आफ्ना अपराधीहरूलाई सहन गर्ने हुनुहुन्छ, कृपापूर्वक मलाई पनि त्यस्तै बनाइदिनुहोस्॥ २ ॥

हे दयानिधे! तपाइका कृपाले जाग्रत अवस्थामा जगत्मा टाढा टाढा जाने, दिव्यगुणयुक्त रहने र सुषुप्ति अवस्थामा सुत्ने वा स्वप्नमा टाढा टाढा जस्तै गर्ने, सबै प्रकाश गर्नेहरूका पनि प्रकाशक मेरो मन शिवसङ्कल्प=आफ्नो र अरू प्राणिहरूका लागि कल्याणको सङ्कल्प गर्नेहोओस्। कसैको हानि नोक्सानीगर्ने इच्छा कहिल्यै नगरोस्॥ ३ ॥

हे सर्वान्तर्यामी! कर्मगर्ने धैर्यशाली विद्वानहरू जसबाट यज्ञ र युद्धादिमा कर्म गर्दछन्, अपूर्व सामर्थ्ययुक्त, पूजनीय र प्रजाभित्र रहने त्यो मेरो मन धर्म गर्ने इच्छायुक्त भएर अधर्मलाई सर्वथा छोडिदियोस्॥ ४ ॥

उत्कृष्ट ज्ञानरूप र अरूलाई चेतनयुक्त गर्ने निश्चयात्मक वृत्ति भएका, प्राणिहरूमा भित्र प्रकाशयुक्त, नाशरहित र जसका अभावमा कसैले कुनै पनि कर्म गर्नसक्तैन त्यस्तो मेरो मन शुद्ध सद्गुणहरू इच्छागर्ने भएर दुर्गुणहरू देखि टाढै रहोस्॥ ५ ॥

हे जगदीश्वर! सबै योगीजन जसबाट यी सब भूत, भविष्यत् र वर्तमान व्यवहारहरूलाई जान्दन्छन्, नाशरहित जीवात्मालाई परमात्मासँग मिलाएर सबै प्रकारले त्रिकालज्ञ बनाउने, ज्ञान र क्रिया भएको, पाँच ज्ञानेन्द्रिय, बुद्धि र आत्मायुक्त रहने, जसबाट त्यस योगरूपी यज्ञलाई बढाइन्छ, त्यो मेरो मन योगक विज्ञानयुक्त भएर अविद्या आदि क्लेशदेखि पृथक रहोस्॥ ६ ॥

हे परमविद्वान् परमेश्वर! जसरी रथको मध्यधुरामा आरा लागिरहेका हुन्छन् त्यसै गरी तपाईको कृपाले मेरो मनमा ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद पनि प्रतिष्ठित हुन्छन् र जुन मतमा सर्वज्ञ, सर्वव्यापक, प्रजाका साक्षी चित्त चेतनत्व विदित हुन्छ, त्यो मेरो मन अविद्यारहित भएर सदा विद्याप्रिय भैरहोस्॥ ७ ॥



PDFill PDF Editor with Free Writer and Tools

हे सर्वनियन्ता परमेश्वर! योग्य सारथीले लगामद्वारा घोडाहरूलाई आफ्नो नियन्त्रणमा हिंडाएजस्तै मानिसलाई निरन्तर यताउति घुमाइरहने, हृदयमा प्रतिष्ठित गतिमान् र अत्यन्त वेगवान् त्यो मेरो मन सवै इन्द्रियहरूलाई अधर्माचरणबाट रोकेर सदा धर्ममार्गमा हिंडाउनेगरोस्। यस्तो कृपा ममाथि गरिदिनुहोला ॥ ८ ॥

**अग्ने नय॑ सुपथा॑ रा॒येऽअ॒स्मान् विश्वा॑नि देव व॒युना॑नि वि॒द्वान्।**
**यु॒यो॒ध्य॒स्मज्जु॑हुरा॒णमेनो॒ भूयि॑ष्ठां ते॒ नम॑ऽउक्तिं विधेम ॥ १ ॥**

—यजु: अ० ४० । मं० १६ ॥

हे सुखदाता, स्वप्रकाशस्वरूप, सबैलाई जान्ने परमात्मा! तपाई हामीलाई श्रेष्ठ मार्गबाट सम्पूर्ण ज्ञान–विज्ञान प्राप्त गराउनुहोस् र हामीमा भएका कुटिल पापाचरणका मार्गबाट हामीलाई हटाइदिनुहोस्। तपाई हामीलाई पवित्र गरिदिनुहोस् भन्ने यसै उद्देश्य निम्ति हामीहरू नम्रतापूर्वक तपाईको अनेकौं स्तुति गर्दछौं ॥ १ ॥

**मा नो॑ म॒हान्त॑मु॒त मा नो॑ऽअर्भ॒कं मा न॒ऽउक्ष॑न्तमु॒त मा न॑ उक्षि॒तम्।**
**मा नो॑ वधीः पि॒तरं॒ मोत मा॒तरं॒ मा नः॑ प्रि॒यास्त॒न्वो॒ रुद्र रीरिषः ॥ १ ॥**

—यजु:० अ० १६ । मं० १५ ॥

हे रुद्र!=दुष्टहरूलाई दु:खस्वरूप पापको फल दिएर रुवाउने परमेश्वर! तपाई हाम्रा साना–ठूला सबैजनहरू, गर्भस्थ, आमा–बाबु, प्रिय बन्धुवर्ग र शरीरहरू हनन गर्न प्रेरित नगर्नुहोला। यस्तो मार्गबाट हिंडाउनुहोस् जसबाट हामी तपाईका दण्डनीय नहोऔं ॥ १ ॥

**असतो मा सद्गमय, तमसोमा ज्योतिर्गमय,**
**मृत्योर्माऽमृतं गमयेति ॥** —शतपथ ब्रा० १४।३।१।३०

हे परमगुरु परमात्मा! तपाई हामीलाई असन्मार्गबाट हटाएर सन्मार्गमा पुर्‍याइदिनुहोस्। अविद्यारूपी अन्धकारलाई छुटाएर विद्यारूपी सूर्यजस्तो ज्योति प्राप्त गराउनुहोस र मृत्यु, रोग आदिबाट हटाएर मोक्षको आनन्दरूपी अमृत प्राप्त गराउनुहोस्। अर्थात् परमेश्वरलाई जुन जुन गुणयुक्त मानेर ती गुण आफूमा धारण गराउन गरिएको '**सगुण**' र जुन जुन दोष वा दुर्गुणदेखि परमेश्वर र आफूलाई पनि रहित मानेर प्रार्थना गरिन्छ त्यो '**निर्गुण**', यसरी विधि र निषेध हुँदा सगुण–निर्गुण प्रार्थना हुन्छ। जो मानिस जुन कुरा प्रार्थना गर्दछ, त्यसले त्यस्तै व्यवहार पनि गर्नुपर्दछ। अर्थात् सर्वोत्तम बुद्धि प्राप्त होओस् भनी प्रार्थना गरेमा त्यस निम्ति आफूले सकभर प्रयत्न गर्नुपर्दछ अर्थात् आफ्नो पुरुषार्थ पछि मात्र प्रार्थना गर्नु उचित हुन्छ॥



यस्तो प्रार्थना भने कहिल्यै गर्नुहुन्न र यस्तो प्रार्थनालाई परमेश्वरले पनि स्वीकार गर्दैन, जस्तै—'हे परमेश्वर! तपाई मेरा शत्रुहरू नाश गरेर, मलाई सबैभन्दा ठूलो गरिदिनुहोस्, मेरै प्रतिष्ठा र मेरै अधीनमा सबै भैजाऊन्' इत्यादि। किनभने दुवै शत्रुहरूले एकअर्काको नाशगर्न प्रार्थना गरेमा के परमेश्वरले दुवैलाई नाश गरीदिने? कसैले बढी प्रेम हुनेको प्रार्थना सफल हुन्छ भनेमा हामी 'त्यसो भए कम प्रेम हुनेका शत्रुको पनि कम नाश हुनुपर्दछ' भन्न सक्तछौं। यस्तो मूर्खताको प्रार्थना गर्दा गर्दै कसैले 'हे परमेश्वर! तपाई हामीलाई खाना पकाएर ख्वाइदिनुहोस्, मेरो घरको सर–सफाइ गरिदिनुहोस्, लत्ताकपडा धोइदिनुहोस् र खेतीपाती पनि सबै गरिदिनुहोस्' इत्यादि जस्ता प्रार्थना पनि गर्नैछ। यसरी परमेश्वरकै भरोसामा अल्छी भई बसिरहने व्यक्ति महामूर्ख हुन्। किनभने पुरुषार्थ गर्न परमेश्वरले दिएका आज्ञाको उल्लंघन गर्ने व्यक्ति कहिल्यै सुखी हुन सक्तैन। जस्तै—

**कुर्वन्ने॒वेह कर्मा॑णि जिजीवि॒षेच्छ॒तꣳ समाः॑ ॥**

—यजु० ४० । मं० २

'मानिसले सयवर्ष सम्म अर्थात् बाँचेसम्म कर्म गर्दै नै बाँच्ने इच्छा गर्नुपर्दछ र कहिल्यै अल्छी हुनुहुँदैन' भन्ने आज्ञा परमेश्वरले दिएको छ। हेर! सृष्टीमा भएभरका प्राणी वा अप्राणी सबै आ–आफ्ना कर्म र यत्न गरिनै रहन्छन्। जस्तै कमिला आदि सधैं प्रयत्न गरिरहन्छन्, पृथ्वी आदि सधैं घुमिरहन्छन् र वृक्ष आदि सधैं घट्ने–बढ्ने गरिरहन्छन्, त्यस्तै यो दृष्टान्तलाई मानिसले पनि ग्रहण गर्नुपर्ने हो। जसरी पुरुषार्थ गर्ने व्यक्तिको सहायता अर्कोले पनि गर्दछ, त्यस्तै धर्मपूर्वक पुरुषार्थ गर्ने व्यक्तिको सहायता ईश्वरले पनि गर्दछ। जसरी कामगर्ने व्यक्तिलाई भृत्य पनि मान–सम्मान दिन्छन्, अल्छीलाई दिदैनन्। हेर्ने इच्छा भएको र आँखा भएकोलाई अरूले देखाइदिन्छन्, अन्धालाई कसैले देखाउँदैन। यस्तै परमेश्वर पनि सबैको उपकार गर्ने प्रार्थनामा सहायक हुन्छ, हानि हुने कर्ममा हुँदैन। कसैले 'सखर गुलियो छ' भन्दैमा त्यसले सखर वा सखरको स्वाद प्राप्तगर्न कहिल्यै सक्तैन अनि प्रयत्न गर्नेले भने चाँडो–ढिलो सखर अवश्य प्राप्त गर्दछ॥ अव तेस्रो उपासना—

**समाधिनिर्धूतमलस्य चेतसो निवेशितस्यात्मनि यत्सुखं भवेत्।**
**न शक्यते वर्णयितुं गिरा तदा स्वयन्तदन्तः करणेन गृह्यते ॥ १ ॥**

यो उपनिषद्को (मैत्रायण्यु० ४।४।९ र मैत्रा० आरण्य ६।३४) वचन हो।



PDFill PDF Editor with Free Writer and Tools